राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेटबाट नेरीको सन्न्यास

हिमालय टाइम्स
काठमाडौं, ६ चैत

नेपाली राष्ट्रिय महिला क्रिकेट टिमकी पहिलो कप्तान नेरी थापा मगरले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने घोषणा गर्नुभएको छ । नेरीले मंगलबार सामाजिक सञ्जालमार्फत् सन्न्यास लिने घोषणा गर्नुभएको हो ।

'आज म राष्ट्रिय-अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गर्दैछु । यो १७ वर्ष लामो उत्कृष्ट क्रिकेट यात्रा थियो । जहाँ उतारचढाव दुवै भए,' उहाँले सामाजिक सञ्जालमा लेख्नुहुन्छ, 'खेलबाट

सन्न्यास लिएको हुँ तर यसले दिएका यादहरूबाट हैन । मेरो यात्राका दौरान मलाई सहयोग र उत्प्रेरित गर्नुहुने सम्पूर्णमा धन्यवाद । मेरो यात्रामा सधैँ साथ दिने मेरो परिवारलाई विशेष धन्यवाद । सम्पूर्णमा धन्यवाद ।'

नेरी नेपाली राष्ट्रिय महिला टिमबाट अन्तर्राष्ट्रिय क्रिकेटमा कप्तानी सम्हाल्ने पहिलो कप्तानसमेत हुनुहुन्छ । सन् २००७ मा नेपालले थाइल्याण्डविरुद्ध पहिलो अन्तर्राष्ट्रिय क्रिकेट खेल खेल्दा नेपालको कप्तानी नेरीले गर्नुभएको थियो । सो खेलमा नेपाल ५५ रनले विजयी भएको थियो । पहिलो सहभागितामै नेपाली महिला टोली फाइनलमा पुगेको थियो । तर, बंगलादेशसँग पराजित हुँदै उपविजेता बनेको थियो ।

नेरीको कप्तानीमा महिला टोलीले सन् २००८ मा एसिसी यू-१९ महिला च्याम्पियनसिपको उपाधि जितेको थियो । सोही सफलतापछि नेरीलाई सन् २००८ मा एसियन क्रिकेट काउन्सिल (एसिसी)ले उदयमान खेलाडीको अवार्ड प्रदान गरेको थियो । सन् २००९ एसिसी महिला टी-२० च्याम्पियनसिपमा नेपाली महिला टिमले तेस्रो स्थान हासिल गर्दा नेरी प्रतियोगिताकै सर्वाधिक विकेटकर्ता बन्नुभएको थियो । नेरी नेपाली महिला घरेलु क्रिकेट इतिहासकै पहिलो शतक बनाउने पहिलो खेलाडी पनि हुनुहुन्छ ।

एन्फाले गरेको सिफारिसमा राखेपको लगाम

काठमाडौं/हिटा । अखिल नेपाल फुटबल संघ(एन्फा)ले फुटबल टोलीसँगै विदेश भ्रमणमा लैजानका लागि गरेको सिफारिसलाई राष्ट्रिय खेलकुद परिषद (राखेप)ले अस्वीकृत गरिदिएको छ । योसँगै राष्ट्रिय फुटबल टोलीसँग प्रत्यक्ष सरोकार राख्नेबाहेक अन्य पदाधिकारी बहराइनको खेल हेर्न जान पाउने भएका छैनन् ।

बहराइनमा हुने फिफा विश्व कप छनोट तथा एएफसी एसियन कप छनोट खेलका लागि एन्फाले फुटबल टोलीका साथ पदाधिकारी र अन्य गरी ४१ जनाको नाम स्वीकृतिका लागि राखेपमा दर्ता गरेको थियो । राखेपले हाल मलेसियामा रहेको टोली र नेपालमा रहेका डाक्टर राजु डंगोलबाहेक बाँकी सबैजनाको भ्रमण सूचीलाई अस्वीकृत गरिदिएको हो । बहराइनविरुद्ध चैत ८ र १३ गते हुने खेलका लागि जानेको सूचीमा २३ खेलाडी, मुख्य प्रशिक्षक, सहायक प्रशिक्षक, गोलकिपर प्रशिक्षक, प्राविधिक प्रशिक्षक, फिजियो, डाक्टर, व्यवस्थापकलगायत ३१ जनाको नाम थियो । उहाँहरूको नाममा राखेपले स्वीकृत गर्दा त्यसबाहेक एन्फा केन्द्रीय सदस्य टीकाराम लामा हेड अफ डेलिगेट्स तथा मणिराज विष्ट, रामचन्द्र तामाङ लामा, रञ्जन कार्की, राजकाजी श्रेष्ठ, महेशचन्द्र महत, भरतबहादुर खत्री, शेरबहादुर बस्नेत, डोलुशकुमार केसीको नाममा भने स्वीकृत जनाएन ।

अफिसियलका रूपमा रहनुभएका उहाँहरूको हकमा स्वीकृति दिनका लागि एन्फासँग चित्तबुझ्दो जवाफ नभएको भन्दै स्वीकृति नदिइएको राखेपले जनाएको छ । त्यसबाहेक एन्फाले मलेसियाको फुटबल टोलीमा खेलाडीसँगै प्रशिक्षक, सहायक प्रशिक्षक, व्यवस्थापक र फिजियोबाहेक एन्फा उपाध्यक्ष दिपक खतिवडा, सिइओ इन्द्रमान तुलाधर, सदस्य महेन्द्र क्षेत्रीसहित जिल्ला फुटबल संघ संखुवासभाका अध्यक्ष भरत घिमिरे, ललितपुरका सचिव प्रविण श्रेष्ठ, कास्कीका सुविनकुमार श्रेष्ठ, थ्रीस्टार क्लबका उपाध्यक्ष जयकृष्ण श्रेष्ठ, खुमलटारका सचिव बुद्धि गुरुङ, मकवानपुरका सुनिल लोप्चन र एन्फा कर्मचारी ज्ञानु राईलाई पनि अतिरिक्तका रूपमा भ्रमणमा लगेको छ ।

एन्फाले खेलाडीबाहेक थप पदाधिकारीलाई भ्रमणमा लैजान लागेको समाचार बाहिरिएपछि युवा तथा खेलकुद मन्त्रालयमा चासो व्यक्त गर्दै अनिवार्य स्वीकृति लिनुपर्ने भन्दै विज्ञप्ति जारी गरेको थियो । युवा तथा खेलकुद मन्त्रालयले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै कानुनबमोजिम राखेपको स्वीकृतिपश्चात् मात्र खेल संघका पदाधिकारीहरूलाई अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता, तालिम, गोष्ठी, सेमिनार वा सम्मेलनमा भाग लिन वैदेशिक प्रस्थान अनुमति प्रदान गर्ने व्यवस्थाका लागि गृह मन्त्रालयमा अनुरोध गरेको जनाएको थियो ।

जुम्ला-रारा अल्ट्रा म्याराथन वैशाख १ मा

हिमालय टाइम्स
जुम्ला, ६ चैत

पाँचौं संस्करणको जुम्ला-रारा अल्ट्रा म्याराथन प्रतियोगिता आगामी वैशाख १ गते हुने भएको छ । कर्णाली स्पोर्ट्स क्लब जुम्लाद्वारा यहाँ आयोजित पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष सरोज शाहीले जुम्ला सदरमुकाम खलंगा बजारदेखि मुगुको रारा तालसम्मको म्याराथन प्रतियोगिता आगामी वैशाख १ गतेदेखि सञ्चालन हुने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, '४९ किलोमिटर लामो सो प्रतियोगितामा स्वदेशी तथा विदेशी खेलाडी सहभागी हुनेछन् ।' अनलाइनबाट खेलाडीले सहभागिताका लागि आवेदन दिने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो ।

जुम्लादेखि मुगुको रारा ताल जाने पदमार्गको प्रवर्द्धन गर्ने तथा कर्णाली प्रदेशलाई खेलका माध्यमबाट चिनाउने उद्देश्यले म्याराथन आयोजना गरिएको हो । यसअघि २०७५ मा पहिलो र २०७६ मा दोस्रो संस्करणको प्रतियोगिता आयोजना गरिएको थियो । कोरोना महामारीका कारण ०७७ मा सञ्चालन हुन सकेन । समुद्री सतहबाट दुई हजार तीन सय मिटरको उचाइमा रहेको जुम्ला सदरमुकाम खलंगाबाट सुरु हुने म्याराथन जिल्लाको डाँफे लेक, चुच्चेमारा लेक हुँदै दुई हजार ८९० मिटरको उचाइमा रहेको रारा तालको छेउमा पुगेर खेल समाप्त हुने क्लबका अध्यक्ष शाहीको भनाइ छ ।

जुम्लादेखि दुई दिनको पदयात्रा रहेको सो रुट व्यावसायिक खेलाडीले पाँचदेखि सात घण्टामा पार गर्छन् । अनुमानित एक हजार बढी खेलाडीले सहभागिता जनाउने अपेक्षा राखिएको छ । ४९ किमीतर्फ प्रथम हुने धावकलाई एक लाख, दोस्रो हुने धावकलाई ७५ हजार, तेस्रो हुने धावकलाई ५० हजार, चौथो हुनेलाई २० हजार र पाँचौं हुने धावकलाई २० हजार पुरस्कार प्रदान गरिने क्लबका अध्यक्ष शाहीले जानकारी दिनुभयो ।

प्रतियोगिताका उत्कृष्ट १० खेलाडीलाई थप पुरस्कृत गरिनेछ । म्याराथन सम्पन्न गर्न ३५ लाख खर्च हुने अनुमान गरिएको छ । म्याराथनमा सहभागी हुने सार्कका धावकहरूले १४ हजार पाँच सय, अन्य देशका धावकलाई १६ हजार र नेपाली धावकलाई सात हजार आवेदन शुल्क तोकिएको क्लबले जनाएको छ । जुम्ला-रारा अल्ट्रा म्याराथनतर्फ खुला ४९ किमी, खुला पाँच किमी, बालबालिकास्तरीय एक किमी, विद्यालयस्तरीय पाँच किमी, ज्येष्ठ नागरिक, बुबाआमा दौड एक किमी, कर्मचारीस्तरीय पाँच किमी र उद्योग तथा व्यापारीस्तरीय पाँच किमी दौड प्रतियोगिता हुने क्लबले जनाएको छ ।

यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: EURONEXT MANPOWER SERVICES LLC — शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/१२/०६ — चलानी नं: ६०२१६७८१ — LT. No.: 301937

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: AED	मासिक तलब: रु.	जोखिम भत्ता सुविधा	प्रतिदिन काम अवधि	हप्ताका काम दिन	बार्षिक बिदा	बस भाडा सुविधा	खाना सुविधा	कम्पनी प्रकार
1.	Factory Worker	50	0	[illegible]	800	२८,८३२	कानुन अनुसार	८ घण्टा	६ दिन	कानुन अनुसार	छ	२ वर्ष	

अन्तर्वार्ता नेपालमा कार्यालय काठमाडौंमा २०८० चैत १४ गते (27 March 2024) मा हुनेछ ।

भिक्टोरी नेपाल प्रा. लि.
सिनामंगल १० पञ्चकुमारी मन्दिर कालीमाटीडोल, काठमाडौं
फोन नं: ०१४५९०२९६, मोबाईल नं.: ९८५११४०६५३

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८०/१२/०७ (ने.सं.-११४४ चिल्लाध्व ११ बुधबार)

यस कार्यालयबाट मिति २०८०/१०/१२ गते हिमालयन टाइम्स पत्रिकामा प्रकाशित सूचनामा माग भए अनुसारका तपशिल बमोजिमको ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्राही, न्युनतम मूल्याङ्कित, रहेको बोलपत्र यस कार्यालयको मिति २०८०/१२/०६ गतेको निर्णयानुसार सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि ७ दिने यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

सि.नं.	बोलपत्र विवरण	स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल अंक रु (मु.अ.कर सहित)
१	BTMMUN/GOODS/NCB-09/080/81 (Procurement & Supply of Medicine)	हेल्पिङ हेल्थ पोलिक्लिनिक, डिल्लीबजार, काठमाडौं	३०,४८,०१४.७०/-

प्रमुख प्रशासकिय अधिकृत

Thaha Municipality
Office of the Municipal Executive
Indrayanichaur, Makawanpur

Invitation for E-Bid

March 20, 2024 (Chaitra 07, 2080)

1. Thaha Municipality invites electronic bids from eligible bidders for the below mentioned works under National Competitive Bidding procedures.
2. The details of the project is as follows:

Identification no:	Work Description	Total amount without VAT (NRs)	Bid security amount (NRs)	Cost of Bidding Document	Bid validity/Bid Bond Validity Period	Last Date of Submission
rbn/dobato-dandabasroad-16/080/81	Maintenance of Dobato-Dandabas Road	85,53,941.51	2,43,000.00	3,000.00	90 days/120 days from last date of bid submission	April 19,2024 (Baisakh 7, 2081) until 12:00 pm

3. For other details please visit bolpatra.gov.np/egp

Chief Administrative Officer

कुमारी बैंक लिमिटेड शाखा कार्यालय (साबिक मिनदत), कञ्चनपुरको धितोमा रहेको सम्पति पुन: लिलाम बिक्रीको लागि ७ दिने खोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१२/०७ गते हिमालय टाइम्स)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय (साबिक मिनदत), कञ्चनपुरबाट तपशिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरूको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना दरी तगाडीका गर्दा समेत नतिरी नबुझाई बैंक सग भएको ऋणकर्ता सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि २५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरूको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपशिलमा उल्लेखित सम्पति तथा सोको बिगलगाधावाहरु समेत जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्ने ५५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० चैत १४ गते बुधबार**को दिन खोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय कञ्चनपुरमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो खोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पतिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि खोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन २०६३ बमोजिम दर्ता.नं. १९९१७६/०७५/०७६ अन्तर्गत मिति २०७५/०६/०५ मा दर्ता कायम भई कञ्चनपुर जिल्ला, मिनदत न.पा. वडा नं. ११ स्थित रजिष्टर्ड कार्यालय रहेको **मरिना कन्सट्रक्सन प्रा.लि. ।**

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **जय देव पन्त**
ना.प.नं.- ११०४
जारी मिति - २०४५/०१/२२, जि.प्र.का. दार्चुला
बाबु - मनिराज पन्त
बाजे - नरि दत्त पन्त
पत्नी - गंगा देवि पन्त
स्थायी ठेगाना- दार्चुला जिल्ला, रिठा चौपाता गा.पा./न.पा. वडा नं. ०४

२. **सुरेन्द्र नाथ**
ना.प.नं.- ७०७९/१८५०
जारी मिति - २०३८/०७/०४, जि.प्र.का. दार्चुला
बाबु - मनोरथ नाथ
बाजे - हरि नाथ
पत्नी - कलावती नाथ
स्थायी ठेगाना- दार्चुला जिल्ला, रिठाचौपाता गा.वि.स./न.पा., वडा नं. ०६

३. **परु देवि पन्त**
ना.प.नं.- ११०८
जारी मिति - २०४५/०१/२२, जि.प्र.का. दार्चुला
ससुरा - मनिराज पन्त
पति - हरी प्रसाद पन्त
स्थायी ठेगाना- दार्चुला जिल्ला, डाडाकोट गा.पा./न.पा., वडा नं. ०५

४. **धाना पन्त**
ना.प.नं.- ४६३२
जारी मिति - २०४३/११/०२, जि.प्र.का. दार्चुला
ससुरा - नरिदत्त पन्त
पति - मनिराज पन्त
स्थायी ठेगाना- दार्चुला जिल्ला, बांहरीगाउं गा.पा./न.पा., वडा नं. ०३
हालको ठेगाना - सुडा गा.वि.स./न.पा. ०५

५. **लिलाधर भट्ट**
ना.प.नं.- ७०१
जारी मिति - २०४०/०३/०३, जि.प्र.का. बैतडी
बाबु - गणेश दत्त भट्ट
बाजे - हरि दत्त भट्ट
पति - शारदा देवि भट्ट
स्थायी ठेगाना- बैतडी जिल्ला, श्रीकेदार गा.प./न.पा., वडा नं. ०३

६. **डम्बरा सिंह**
ना.प.नं.- २२९,७१५,२७५
जारी मिति - २०५३/११/२१, जि.प्र.का. कञ्चनपुर
बाबु - कमान बहादुर सिंह
ससुरा - महेन्द्र बहादुर सिंह
पति - हिम्मत बहादुर सिंह
स्थायी ठेगाना- कञ्चनपुर जिल्ला, दैजी न.पा./गा.वि.स. वडा नं. ०५

७. **बिनोद भट्ट**
ना.प.नं.- १०२९/२५२८
जारी मिति - २०६७/०७/१२, जि.प्र.का. बैतडी
बाबु - लिलाधर भट्ट
बाजे - गणेश दत्त भट्ट
स्थायी ठेगाना- बैतडी जिल्ला, दशरथ चन्द गा.पा./न.पा., वडा नं. १३

८. **हिम्मत बहादुर सिंह**
ना.प.नं.- ८२७/०४३
जारी मिति - २०४५/०२/१७, जि.प्र.का. कञ्चनपुर
बाबु - महेन्द्र बहादुर सिंह
बाजे - शेर बहादुर सिंह
पत्नी - डम्बरा सिंह
स्थायी ठेगाना- कञ्चनपुर जिल्ला, दैजी गा.प./न.पा. वडा नं. ०५

९. **तारा प्रसाद पन्त**
ना.प.नं.- ४०९८
जारी मिति - २०४३/११/०३, जि.प्र.का. दार्चुला
बाबु - मनिराज पन्त
बाजे - नरि दत्त पन्त
स्थायी ठेगाना- दार्चुला जिल्ला, रिठाचौपाता गा.प./न.पा., वडा नं. ०३

१०. **रमेश राज पन्त**
ना.प.नं.- ७५-०१-७६-०४२९९
जारी मिति - २०७१/०८/१६, जि.प.का. कञ्चनपुर
बाबु - हरि प्रसाद पन्त
बाजे - नरि दत्त पन्त
स्थायी ठेगाना- कञ्चनपुर जिल्ला, सुडा गा.वि.स./न.पा., वडा नं. ०५

११. **दिलीप सिंह धामी**
ना.प.नं.- ७८८५२०१०
जारी मिति - २०३७/०२/१७, जि.प्र.का. कञ्चनपुर
बाबु - केशर सिंह धामी
बाजे - अर्जुन सिंह धामी
पत्नी - ज्ञानकी देवी धामी
स्थायी ठेगाना- कञ्चनपुर जिल्ला, रौतेली बिचुवा गा.वि.स./न.पा., वडा नं. ०९

लिलाम हुने सम्पतिको विवरण

१. **धाना पन्त**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं.४ स्थित किता नं. ९०५ को क्षेत्रफल ३३८६.४० (व.मी.) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. **लिलाधर भट्ट**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको साबिक कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ०६ हाल कञ्चनपुर जिल्ला, भिमदत्तनगर न.पा. न.पा. ०६ स्थित किता नं. ३४२१ र ३४२२ को क्षेत्रफल क्रमश: १०५० र ६०० (व.मी.) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. **हरि प्रसाद पन्त**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, भिमदत्त.न.पा. वडा नं. ०३ स्थित किता नं. ४५०० र ४४९८ को क्षेत्रफल क्रमश: ९९४.६० र २६२.६० (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

४. **परु देवि पन्त**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, सुडा गा.वि.स. वडा नं.०४ हाल कञ्चनपुर जिल्ला बेदकोट न.पा. ०९ स्थित किता नं.२९५५ को क्षेत्रफल ३३९० (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

५. **डम्बरा सिंह**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०५ स्थित किता नं. ७२ को क्षेत्रफल १८७७ (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

६. **सुरेन्द्र नाथ**को नाममा मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको साबिक कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. १८ स्थित किता नं. १२९७ को क्षेत्रफल ३३५ (व.मी.) को जग्गा/घर र ए.ऐ जिल्ला कुमारी गा.वि.स. वडा न.पा. ०२ स्थित किता नं. २४१ को ३३८५.८३ (व.मी.) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

७. धनि कुमारी बैंक लि.र ऋणी **मरिना कन्सट्रक्सन प्रा.लि.** कायम भई रेनी कञ्चन यातायात व्यवस्था कार्यालय, कैलालीमा दर्ता कायम रहेको चे.नं BPH2239514, ई.नं. 84366221, सवारी नं. ले १ क १०९५, को Excavator थान १ ।

८. धनि कुमारी बैंक लि. र ऋणी **मरिना कन्सट्रक्सन प्रा.लि.** कायम भई महाकाली कञ्चन यातायात व्यवस्था कार्यालय, कञ्चनपुर मा दर्ता कायम रहेको चे.नं. S200-53271, ई.नं. 84326754, सवारी नं. म१ क २१९, को Excavator थान १ ।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र को सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० चैत १४** गते भित्र बैंकको शाखा कार्यालय कञ्चनपुरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय कञ्चनपुरबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रकालाको हस्ताक्षर सहित शिलबन्दी गरी जाहिर (घर/जग्गाको बोलपत्र) समेत स्पष्ट शब्दमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिइने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० चैत १४ गते ३:०० बजे** दोप्र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय कञ्चनपुरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगतै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगतै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पति दाखिल खारेज गर्दा सम्बन्धित जङ्गलामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिने ले व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय कञ्चनपुरमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पति लिलाम बिक्री गर्दा कसैले लगकारमा वा लिलाममा कसैले भाग लिएमा समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पतिको स्वामित्व आफुमा सकार गरी लिन सकिनेछ ।
११. खोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैंले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको खोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक कबोलेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पति लिलाम बिक्री गर्दा वा बैंक आफैंले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०८० चैत १४ गते बुधबार अपराह्न ३:०० बजे

कुमारी बैंक लिमिटेड
Kumari Bank Limited
शाखा कार्यालय कञ्चनपुर फोन नं. ०९९-५२१३६५